नगर कार्यपालिकाको मिति २०८१।१।११ को बैठकबाट निर्णय भई प्रमाणित गरिएको २०८१।१०।२२

# महिला आत्मनिभर कार्यक्रम सञ्चालन कार्यविधि २०८१

## १. पृष्ठभूमी

समाजमा विभिन्न किसिमका असमानताहरु रहेका छन् । जस मध्येको एक हो, लिङ्गका आधारले देखिने असमानता । वर्तमान अवस्थामा भुगोल केन्द्रित बसोवास गर्ने संख्यामा महिलाको संख्या अधिक छ तर उनीहरुको निर्णायक ठाउँमा उपस्थिति असाध्यै न्यून रहेकोछ । जुन सुकै सामुदायिक संस्था र विकास निर्माण केन्द्रित उपभोक्ता समितिमा महिलाको प्रतिनिधित्व अनिवार्य मानिन्छ तर जवरजस्ती राख्ने काम मात्र भएको छ । महिलाको क्षमता भएमा सामाजिक रुपमा देखिएका विकृती तथा विसंगतीहरुलाई रुपान्तरण गर्ने क्षमता समेत हुन्छ । यस परिवेशमा भीमेश्वर नगर सभाले महिला आत्मनिभर कार्यक्रमको लागि बजेट विनियोजन गरेको छ । सो कार्यक्रमलाई थप प्रभावकारी, नतिजामुखी र उपलव्धीमुलक बनाउन यो कार्यविधि तयार गरिएको छ ।

## २. कार्यक्रमको औचित्यता

भीमेश्वर नगरभित्र पुरुषको तुलनामा महिलाको संख्या वढी रहेको र महिलाहरुको बाक्लो उपस्थीति रहेको छ । जनगणना २०७८ को अनुसार नगरपालिकामा महिलाको जनसंख्या बढी रहेको छ । समृद्धि र सामाजिक न्यायसँग सम्वन्धित विभिन्न सवालहरु रहेका छन् । ती सवाल सम्वोधनमा महिलाको भूमिका उल्लेखनीय हुने देखिन्छ । ग्रामिण अर्थतन्त्र धान्न महिलाहरुको प्रमुख भूमिका रहन्छ । जग्गा जमिन रहेको भए पनि निर्वाहमुखी खेती प्रणालीवाट व्यवसायीकतातिर जान सकेको छैन । नियमित आर्थिक गतिविधिमा संलग्न भएपनि पहुँच र नियन्त्रणमा कमी रहेको छ । नियमित आम्दानी र व्यक्तिगत क्षमता विकासको अवसर नपाई बसाइ सर्ने कम पनि वढेको छ । महिलाको व्यक्तिगत क्षमता विकासमा मौका पाएको देखिन्न । त्यसैले महिलाहरुलाई संगठित गराउँदै उनीहरुले गरिरहेको जिविकोपार्जन केन्द्रित खेतीपातीलाई व्यबसायिक तर्फ उन्मुख गराउनुको साथै लघु उद्योग मार्फत आर्थिक समृद्धिमा टेवा पुऱ्याउन र महिलाहरु व्यक्तिगत क्षमता विकास गर्नु आजको आवश्यकता रहेको छ । सोही अवधारणलाई पुरा गर्न भीमेश्वर नगरपालिकाले महिला आत्मनिभर कार्यक्रमको लागि बजेट विनियोजन गरिएको हुँदा यो निर्देशिका यो कार्यविधि तयार गरिएको छ ।

## ३. मूख्य उद्देश्य

भीमेश्वर नगरपालिका भित्रका मापदण्ड अनुसार छनौट भएका १८० जना महिलाहरुलाई आर्थिक तथा सामाजिक रुपमा (अन्तर्निर्भर) बनाउने ।

## ४. आशातित नतिजा

- भीमेश्वर नगर भित्रका प्रत्येक वडामा २ वटाका दरले कम्तीमा पनि १८ वटा महिला समूह गठन हुनेछन् । कम्तीमा पनि १८० जना तोकिएका महिलाहरु संगठित हुने छन् ।
- १२ जना महिलाहरुले उत्प्रेरक रुपमा चयन भैं समाज रुपान्तरणमा नियमित अगुवाई गर्नेछन् ।
- १२ जना चेन्ज एजेन्टलाई मोडुलर तालिम उपलव्ध गराइने छ । ती एजेन्टले आ-आफ्नो समूहमा गई मोडुलर तालिम सिकाए अनुसारको प्रयोगात्मक अभ्यास गर्नेछन् ।
- १८० जना महिलाहरुको नियमित मासिक ५ हजारका दरले पहिलो बर्ष वार्षिक आम्दानी कम्तीमा ६०,०००। वृद्धि हुनेछ । दोस्रो वर्ष देखि यसमा दोव्वर वृद्धि भएको हुनेछ ।
- कम्तीमा १२ जना महिलामा सामाजिक नेतृत्व क्षमता अभिवृद्धि हुनेछ । साथै १६८ जना महिलाहरुले समुदाय स्तरमा हुने सामुदायिक संस्थाहरु (सामुदायिक वन, सहकारी, सिचाइ समूह, खानेपानी समूह, कृषि समूहहरु र राजनीतिक दलका एकाईहरुमा नेतृत्वदायी भूमिका खेल्ने छन् ।
- महिला र महिला समूहहरुको भीमेश्वर नगर स्तरीय सशक्त सञ्जाल गठन भैं निरन्तर क्रियाशिल भएको हुने छ ।
- महिलामा आएको आर्थिक सामाजिक परिवर्तनलाई आधार मानी असल अभ्यासलाई प्रकाशन गरिनेछ ।



भीमेश्वर नगरपालिका चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

नारायण सान्नेर
नगर प्रमुख

५. सञ्चालन गरिने क्रियाकलापहरु

**यस कार्यक्रम अर्न्तगत देहायका क्रियाकलाप सञ्चालन गरिने छ :**

**१. कार्यविधीको तयारी र स्विकृती**

**२. सहभागीको छनौट**

हरेक वडामा परिवर्तन गर्न सक्ने २० जना महिलाको छनौट गर्ने

नगरकार्यपालिकाको कार्यालयबाट १५ दिने सूचना प्रकाशन गरी तोकिएको म्यादभित्र पर्न आएका निवेदकहरु मध्येमा अनुसुची १ को आधारमा सम्बन्धित वडा समितिबाट २० जना महिलाको छनौट गरिनेछ । त्यसरी छनौट गर्दा कम्तीमा तीन जनाको प्रतिक्षा सूचीसमेत प्रकाशन गरिनेछ । हरेक वडाहरुका महिलाहरुको सहभागीताको लागि नगरपालिकाले आवेदन आव्हान गर्ने, सकेसम्म आय आर्जनको लागि काम गर्न एकैस्थान हुनेगरी सहभागी छनौट गर्ने व्यवस्था मिलाइने छ । ।

**१. पहिलो मोडुल तालिम सञ्चालन**

प्रारम्भिक चरणमा छनौट भएका सहभागीहरुको लागि वडा तहमा नै ४ दिनको नेतृत्व विकास तालिमं सञ्चालन गरिनेछ । उक्त तालिममा प्रतिक्षा सुचीमा रहेका सहभागीहरुलाई समेत सहभागी गराइने छ । उक्त तालिम प्रति दिन चार सेसनको हुनेछ । एक सेसन डेढ घण्टाको हुनेछ । तालिममा समय दिन नसक्ने र कक्षा छाड्ने सहभागीलाई यस पछिको चरणमा समावेश गराइने छैन । तालिमको मोडुल अनुसार विषय **अनुसुची** २ मा समावेश गरिएको ।

**२. वडा तहमा समिति गठन**

यसरी छनौट भएका व्यक्तिहरु मध्येमा समय निकालन सक्ने शैक्षिक योग्यता पनि राम्रो भएको अरुलाई पनि सँगै लान सक्ने क्षमता भएको र सामान्य प्रशिक्षण पनि दिन सक्ने महिलाहरुमध्येबाट बढीमा ११ जना सम्मको वडा स्तरीय समिति हुनेछ जसमा एक जना संयोजक र अन्य सदस्य रहनेछन् । उक्त समितिको कार्यक्षेत्र वडाभित्रका महिलाको आर्थिक सामाजिक अवस्था सुधार गर्नको लागि समिति आफैले तय गर्नेछ ।

**३. उत्प्रेरक छनौट र तालिम**

सञ्चालित तालिमहरु, कार्यक्रमहरुको सञ्चालन सहजिकरण, समन्वय फिल्डकार्यको प्रतिवेदन तयारी समेतको भूमिका निर्वाह गर्नको लागि समिति मध्येको एक जनालाई उत्प्रेरकको रुपमा छनौट गरिनेछ । छनौटका आधारहरु अनुसूची ३ मा समावेश गरिएको छ । उत्प्ररकहरुको लागि तालिम ४ दिन सञ्चालन गरिनेछ । जसमा नेतृत्व विकास, बजारीकरण, सहभागितात्मक योजना तर्जुमा, प्रतिवेदन लेखन लगायतका विषय समावेश गरिने छ

नारायण मानन्धर
नगर प्रमुख

४. **दोस्रो मोडुल तालिम सञ्चालन**

उद्यमशिलता विकास सम्बन्धी पाँच दिनको तालिम सञ्चालन गरिने छ। तालिमको विषयवस्तु **अनुसुची** २ मा समावेश गरिएको छ। जसमा दिनको चार सेसन हुनेछ। उक्त तालिममा समय दिन नसक्ने र कक्षा छाड्ने सहभागीलाई यस पछिको चरणमा समावेश गरिने छैन। यस चरणमा प्रत्येक व्यक्तिको व्यवशाय पहिचान गरी व्यवशायिक योजना तर्जुमा गरिनेछ। दोस्रो मोडुलको तालिम पछि १५ दिनको फिल्डकार्य गराइनेछ।

५. **विउ पुँजी हस्तान्तरण र आय आर्जन कार्यक्रम**

यसरी दोस्रो मोडुलसम्मको तालिमको सबै कक्षामा सहभागी भएका फिल्ड प्रतिवेदन पेश गरेका र आफुले गर्ने योजना पहिचान गरी व्यवशायिक योजना तयार गरेका सहभागीहरुको लागि एक मुष्ठ रु १५००० रकम व्यवशायिक योजना अनुरुप काम गर्नको लागि सम्झौता गरी कार्य प्रगतीको आधारमा सम्बन्धित सहभागीको खातामा एकमुष्ठ रुपमा अनुदान रकम उपलब्ध गराइने छ। सो कार्यको निरन्तर वडा स्तरीय समिति, वडा समिति र नगरपालिकाबाट अनुगमन गरिनेछ। साथै संघीय कार्यालय, प्रदेश कार्यालय वा स्थानीय तहबाट प्राप्त हुंने रकम समूहलाई अक्षय कोषको रुपमा विउँ पुँजी परिचालन गर्न सकिनेछ। सो रकम समूहका सदस्यहरुको लागि सम्झौता अनुसार कार्यक्रम सञ्चालन गर्न उपलब्ध गराइनेछ। सो रकमलाई समूहका सदस्यहरुमा पालैपालो समूहको निर्णय अनुसार परिचालन गर्नु पर्नेछ।

६. **कार्यक्रम / अभियानको मूल्यमान्यताहरु**

- जस्को सवाल त्यस्को नेतृत्व
- सामुहिक छलफल व्यक्तिगत कार्य
- जहाँ समस्या छ उनीहरुसँगै समाधानको उपाय हुनेछ
- महिलाको सीप, चाहानाको आधारमा उनीहरुको आत्मनिर्भरको योजना उनीहरुले नैं बनाउने छन्
- महिलाको आफ्नो योजनामा अरु निकायको सहयोग,
- प्रतिफलमा आधारित योजना तर्जुमा

६. **तालिम सञ्चालन गर्नको लागि सेवा प्रदायक संस्थालाई जिम्मेवारी दिन सक्ने**

मोडुल १,२ र ३ को लागि तालिम सञ्चालनको लागि कुनै सेवा प्रदायक संस्थालाई सबै तालिम सञ्चालन गर्ने वा कुनै एक तालिम सञ्चालन गर्न जिम्मेवारी दिन सकिनेछ।

७. **कार्यक्रममा संलग्न निकाय र संभावित भूमिका**

यो कार्यक्रम भीमेश्वर नगर सभाबाट पारित नगर गौरबको कार्यक्रम हो। त्यसैले प्रमुख जिम्मेवार भीमेश्वर नगर कार्यपालिका हुनेछ। नगरपालिकाले मूख्य रुपमा निम्न कार्यहरु गर्ने छ।

१. **भीमेश्वर नगरपालिकाको भुमिका**

- कार्यक्रमको समग्र नेतृत्व गर्ने।
- विषयगत विज्ञ परिचालन गरी तालिम सञ्चालनमा तथा व्यवस्थापन गर्ने।
- कृषि प्राविधिक लगायतका उद्यम केन्द्रीत प्राविधिक सेवा उपलब्ध गराउने।
- कृषि उपजको बजारकालागि चरिकोटको सातदोवाटो चोकका व्यवस्थीत हाट बजार प्रबन्ध गर्ने।

२. **वडा कार्यालयको भूमिका**

- सहभागीहरु छनौट समेतका लागि प्रचार गर्ने।

- कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने ।

### ३. अन्य निकायको भूमिका

यस कार्यविधीको उद्देश्य पुरा गर्नको लागि उद्देश्य मिल्ने कार्यालय संघ संस्थाको समन्वयमा समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

### ८. अनुमानीत वजेट

| क्रियाकलाप | पटक | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| निवेदन माग र छनौट | ९ | २००० | १८००० | |
| तालिम मोड्युल १ देखि २ सम्म | ४ | | १०३२३०० | अनुसुची ४ |
| विउपूँजी प्रदान | १८० | १५००० | २७००००० | |
| उत्प्रेरक तालिम | ३ | | ४२४०० | अनुसुची ४ |
| उत्प्रेरक परिचालन | १२ | १०००० | ६००००० | पाँच महिनाको लागि |
| अनुगमन | ९ | १५००० | १३५००० | |
| यातायात | ९ | २००० | १८००० | |
| तथ्यांक तयारी, प्रतिवेदन र प्रतिवेदन प्रकाशन | १ | ५००० | ५००० | प्रतिवेदन छपाई समेत |
| जम्मा | | | ४५५०७०० | |

### ९. दिगोपना:

यो कार्यक्रम एक आर्थिक वर्षको हुने छ । कार्यक्रमको प्रभावकारिताको आधारमा आगामि वर्ष पनि प्रस्ताव गर्न सकिनेछ । त्यस पछि यस अभियानमा क्रियाशिल महिलाहरुले नियमित आम्दानी गर्ने र विभिन्न सामाजिक संरचनाहरुमा नेतृत्वदायि भूमिकामा रहने भएकोले यो अभियानको रुपमा नियमित सञ्चालन हुने छ । यस अभियान अन्तरगत गठन भएका महिला समूहहरु समाजमा देखापरेका सवालहरुमा छलफल, पैरवी तथा सामाजिक न्यायको पक्षमा रुपान्तरण गर्ने एक केन्द्रको रुपमा निरन्तर सञ्चालन हुनेछ ।

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

अनुसूची १

**महिला समूहमा आवद्ध हुने आधारहरु**

- २५ देखि ४५ वर्ष सम्मका महिला
- खेती व्यवसाय वा कुनै आर्थिक वृद्धिसँग काम गरिरहेका
- कृषि पशुपालन गर्न चाहनेको लागि कम्तीमा ३ रोपनी जग्गा भएका वा व्यवस्थापन गर्न सक्ने
- केही काम गर्ने तथा नेतृत्व क्षमता विकास गर्ने चाहाना रहेका
- टोलमा स्थायी वसोबास गरेका, तत्काल वसाइ सरी जाने संभावना नभएका (वुहारीलाई प्राथमिकता)
- निर्धारित मापदण्ड १० जनासम्मको महिलाहरुको समूह वनाउने (संगठन, वैधानिकता र आर्थिक समृद्धिको विषयमा छलफल गर्ने गराउने)
- विगत दुई वर्षदेखि स्थानीय तहवाट कुनै अवसर प्राप्त नगरेको
- प्रष्ट मापदण्डमा रहि महिला समूहवाट कम्तीमा १ जना परिवर्तनको वाहक (उत्प्रेरक) चयन गर्ने
- लेखपढ गर्न सक्ने योजना बनाउन सक्ने र प्रतिवेदन लेख्न सक्ने

**अनुसूची २ तालिमको विषयसूची**

**पहिलो मोडुल तालिम र प्रयोगात्मक अभ्यास ४ दिन : व्यक्तिगत क्षमता विकास तालिम र अभ्यास**

- वैठक सञ्चालन तरिका, माइन्यूट लेखन, कार्यक्रम सञ्चालन, आफु मातहत रहेका १० जना सदस्यहरुको व्यक्तिगत तथा पारिवारीक जानकारी, सिप, चाहाना, स्रोत अभिलेखिकरण र विश्लेषण तरिका ।
- कार्यक्रमको रुपरेखा सहित नगर स्तरीय सरोकारवालासँग अन्तरकृया कार्यक्रममा सामुहिक सहकार्य खोज्ने
- प्रयोगात्मक अभ्यास (१ महिना )
- महिला आत्मनिभर कार्यक्रम सञ्चालन कार्यविधि २०८१ को वारेमा अभिमुखीकरंण

**दोस्रो मोडुल तालिम र प्रयोगात्मक अभ्यास ५ दिन : उद्यमशिलता, व्यवसायिक योजना निर्माण तालिम र अभ्यास**

तालिम पश्चात २ महिना प्रयोगात्मक अभ्यास, यस वेलामा सवै महिलाहरुले आफनो थप कृषि जन्य उद्यमको छनोट र सुरुवात, नगरपालिका वा अन्य सहयोगी निकायहरुसँग समन्वय गरी सहयोग पुऱ्याउने उद्यममा आधारित विउँ पुजी दिने (तोकिएको उद्यमको काम गर्न नसकेमा सो रकम फिर्ता गर्ने कवुलियती गराई उपलव्ध गराइने छ )

हरेक सदस्यको व्यक्तिगत क्रियाशिलताको अभिलेखीकरण गर्ने

**उत्प्रेरक तालिम र प्रयोगात्मक अभ्यास ३ दिन :**

नेतृत्व विकास

उत्पादंनको बजारीकरण

बजार प्रवर्द्धन

आय व्ययको लेखांकन

सहभागितात्मक योजना तर्जुमा प्रकृया

लक्षित वर्ग केन्द्रीत राज्यको निति नियम, वजेट वन्ने प्रकृया, योजना मांग गर्ने तरिका

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

**अनुसूची ३ उत्प्रेरक छनौटका आधारहरु**

- कम्तीमा एसएलसी पास गरेको
- विभिन्न सामुदायिक संस्थाहरुका कृयाशिल भएको
- समय व्यवस्थापन गर्न सक्ने
- प्रतिवद्धता व्यक्त गर्न सक्ने
- समूहमा आवद्ध महिला पत्याएको
- उत्प्रेरकलाई मोडुलर तालिम दिने । तालिमपछि समूहमा प्रयोगात्मक अभ्यास गराउने र प्रतिवेदन पेश गर्न सक्ने
- भीमेश्वर नगर भित्रका लाइन एजेन्सी र यस प्रकृतीका काम गर्ने गैसस समेतको सहभागितामा कार्यक्रमको अवधारणा प्रस्तुत गरी यो अभियानमा योगदान गर्न सक्ने विषयमा छलफल तथा सहकार्य गर्ने
- महिला समूहलाई उत्पादन केन्द्रीत अभियानमा प्रविधि, प्राविधिक, आर्थिक र वजार सम्वन्धी सहकार्य गने
- निरन्तर अनुगमन तथा कोचिङ्ग गर्ने

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

नारायण भण्डार
नगर प्रमुख

## अनुसूची ४ प्रस्तावित खर्चको विवरण

| मोड्युल १ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भीनपा दोलखा | | | | | | | |
| क स. | विवरण | संख्या | दिन | इकाई | दर | जम्मा | कैफियत |
| १ | सहभागी खाजा खर्च | २३ | ४ | जना | १०० | ९२०० | |
| २ | स्टेशनरी | २० | १ | जना | १०० | २००० | |
| ३ | तालिम सामाग्री | १ | १ | एकपटक | ५०० | ५०० | |
| ४ | व्यानर | १ | १ | थान | ५०० | ५०० | |
| ५ | प्रशिक्षक | ४ | ४ | कक्षा | १५०० | २४००० | |
| ६ | सहभागी यातायात खर्च | २० | ४ | जना | २०० | १६००० | |
| | जम्मा | | | | | ५२२०० | ४६९८०० |

| मोड्युल २ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भीनपा दोलखा | | | | | | | |
| क स. | विवरण | संख्या | दिन | इकाई | दर | जम्मा | कैफियत |
| १ | सहभागी खाजा खर्च | २३ | ५ | जना | १०० | ११५०० | |
| २ | स्टेशनरी | २० | ० | जना | १०० | ० | |
| ३ | तालिम सामाग्री | १ | १ | एकपंटक | ५०० | ५०० | |
| ४ | व्यानर | १ | १ | थान | ५०० | ५०० | |
| ५ | प्रशिक्षक | ४ | ५ | कक्षा | १५०० | ३०००० | |
| ६ | सहभागी यातायात खर्च | २० | ५ | जना | २०० | २०००० | |
| | जम्मा | | | | | ६२५०० | ५६२५०० |
| उत्प्रेरक तालिम | | | | | | | |
| क स. | विवरण | संख्या | दिन | इकाई | दर | जम्मा | कैफियत |
| १ | सहभागी खाजा खर्च | २१ | ३ | जना | १०० | ६३०० | |
| २ | स्टेशनरी | १८ | १ | जना | ५० | ९०० | |
| ३ | तालिम सामाग्री | १ | १ | एकपटक | ५०० | ५०० | |
| ४ | व्यानर | १ | १ | थान | ५०० | ५०० | |
| ५ | प्रशिक्षक | ४ | ३ | कक्षा | १५०० | १८००० | |
| ६ | सहभागी यातायात खर्च | १८ | ३ | जना | ३०० | १६२०० | |
| | जम्मा | | | | | ४२४०० | |

सहभागी संख्याको आधारमा बजेटमा थपघट हुन सक्नेछ ।

ईश्वर नारायण मानन्धर
नगर प्रमुख